अनुसूची-३

(दफा-६(१) सँग सम्बन्धित)

**सूर्योदय नगरपालिका**

**नगर कार्यपालिकाको कार्यालय,**

फिक्कल, इलाम

**करारमा पदपुर्ति गर्ने सम्बन्धी सूचना**

(प्रथम पटक प्रकाशित मिति : २०८०/०४/०४)

सूर्योदय नगरपालिकाको पदपूर्ति तथा सिफारिस समितिको मिति २०८०।०४।०४ गतेको निर्णयानुसार सूर्योदय नगरपालिकाको सुरक्षित आप्रवासन सम्बन्धी कार्यविधि, २०७८ को दफा १० बमोजिम सूर्योदय नगरपालिकाको तपशिल बमोजिमको रिक्त पदको पदपूर्तिका लागि योग्यता पुगेका इच्छुक नेपाली नागरिकले यो सूचना प्रथम पटक प्रकाशित भएको मितिले पन्ध्र (१५) दिनभित्र माग बमोजिमका विवरण सहित यस कार्यालयमा दरखास्त दिनुहुन यो सूचना प्रकाशित गरिएको छ।

**देहाय**

| क्र.सं. | विज्ञापन नं. | पद | माग संख्या | कैफियत |
|---|---|---|---|---|
| १ | प्र.०२/०८०/८१ | रिटर्नी स्वम् सेवक (श्रेणी विहीन) | १ | |

क) **आवेदनको दस्तुर :** रु. ५०।- **परीक्षा दस्तुर:** रु. ३००।-

ख) **न्यूनतम योग्यता :** कक्षा १० (SEE/SLC) उत्तीर्ण गरी वैदेशिक रोजगारका लागि मलेशिया वा खाडि मूलुकमा गई कम्तिमा २ वर्ष काम गरी फर्किएको हुनुपर्ने र सामाजिक परिचालन समन्वय तथा सहजीकरण सम्बन्धी ज्ञान भएको।

ग) **छनौटको किसिम :** सूर्योदय नगरपालिकामा करारमा प्राविधिक कर्मचारी व्यवस्थापन गर्ने सम्बन्धी कार्यविधि, २०७४ अनुसार।

घ) **सेवा सुविधा :** सूर्योदय नगरपालिकाको रिटर्नी स्वम् सेवकको करार सम्झौतामा उल्लेख भए बमोजिम हुनेछ।

ङ) **दरखास्त दिने स्थान :** सूर्योदय नगरपालिका, नगर कार्यपालिकाको कार्यालय, फिक्कल, इलाम।

च) **दरखास्त दिने अन्तिम मिति :** यो सूचना प्रकाशन भएको मितिले १५औं दिन कार्यालय समयभित्र। सो दिन सार्वजनिक विदा पर्न गएमा कार्यालय खुलेको पहिलो दिन।

छ) **सम्पर्क मिति :** २०८०/०४/२१ गते।

ज) **परीक्षा मिति :** सम्पर्क मितिमा तोकिने छ।

झ) **आवेदन साथ संलग्न कागजातहरु :** राजश्व तिरेको रसिद सहित आवेदक स्वयंले प्रमाणित गरेको देहाय बमोजिम कागजातको प्रतिलिपिहरु :

- नेपाली नागरिकताको प्रमाणपत्र
- न्यूनतम योग्यताको लव्धाङ्क प्रमाणपत्र
- चारित्रिक प्रमाणपत्र
- योग्यता र अनुभवको प्रमाणपत्र
- २ प्रति पासपोर्ट आकारको फोटो
- भिसा लागेको राहदानीको प्रतिलिपि
- विवाहित महिलाको हकमा विवाह दर्ता अनिवार्य

ञ) **उमेरको हद :** (२१-३५ वर्ष) उमेर समुहले आवेदन दिन सक्नुहुनेछ।

ट) आवेदनको ढाँचा लगायत अन्य जानकारीका लागि नगरपालिकाको कार्यालयमा सम्पर्क राख्नुहोला वा कार्यालयको ईमेल ठेगाना suryodayamun@gmail.com वा infooff.suryodaya@gmail.com वा फोन नं. ०२७-५४०२१४, ५४०४७३ मा सम्पर्क राख्नुहोला वा वेवसाइट www.suryodayamun.gov.np मा हेर्नुहोला।

मिलन ...

प्रमुख प्रशासकीय अधिकृत